# खजुरा गाउँपालिका

गाउँ कार्यपालिकाको कार्यालय,खजुरा बाँके
लुम्बिनी प्रदेश, नेपाल

## साना सिंचाई उपकरण खरिद कार्यका लागि सिलवन्दी दरभाउपत्र पेश गर्ने सूचना

(प्रथम पटक सूचना प्रकाशित मिति २०७७।८।१३)

यस गाउँपालिका भित्र रहेका कृषक, कृषक समुह, कृषि फर्म, कृषि सहकारीहरुलाई अनुदानमा साना सिंचाई उपकरण खरिद गरि उपलब्ध गराउने प्रयोजनका लागि आवश्यक तपसिलमा उल्लेखित रकमले खामे सम्मको परिमाणको सिंचाई उपकरणहरु सिलवन्दी दरभाउपत्रको माध्यमबाट खरिद गर्नु पर्ने भएकोले हुँदा उक्त कार्यका लागि ईजाजत प्राप्त उद्योग, फर्म, कम्पनी तथा सप्लायर्सहरुबाट निम्न शर्तहरुको अधिनमा भित्र रही बोलपत्र पेश गर्न यो सूचना प्रकाशित गरिएको छ ।

शर्तहरु: कार्यालय समयमा आफ्नो फर्मको दर्ता प्रमाण, अद्यावधिक
१. प्रथम पटक सुचना प्रकासित भएको मितिले १५(पन्ध्र) दिन भित्र कार्यालय समयमा आफ्नो फर्मको दर्ता प्रमाणपत्रको प्रतिलिपि संलग्न राखि लिखित निवेदन साथ नविकरण प्रमाण, मु.अ.कर दर्ता प्रमाण, आ.व. ०७६।०७७ को कर चुक्ता प्रमाणपत्रको प्रतिलिपि संलग्न राखि लिखित निवेदन साथ रु.१०००।- (एक हजार) पछी फिर्ता नहुने गरि दस्तुर बुझाई दरभाउपत्र फारम खरिद गर्न सकिने छ ।

२. सिलवन्दी दरभाउ फाराम सूचना प्रकासित भएका मितिले १६(सोह्र) औं दिनको १२:०० बजे भित्र यस कार्यालयमा सिलवन्दी गरि पेश गर्नु पर्ने छ । यसरी रितपूर्वक प्राप्त हुन आएको दरभाउपत्रहरु सो दिनको २:०० बजे निजको प्रतिनिधि र कार्यालयका प्रतिनिधिरुको रोहवरमा खोलिने छ । दरभाउपत्रदाताहरु वा निजको प्रतिनिधि उपस्थित नभए पनि दरभाउपत्र फाराम खोल्न कुनै बाधा पर्ने छैन ।

३. दरभाउपत्रदाताले सिलवन्दी दरभाउपत्र साथ यस खजुरा गाउँपालिकाको नाममा एन.आई.सि. बैंक खजुरा शाखामा धरौटी हि.नं. B१४१४८८६२१५२४००५ मा तपसिलमा उल्लेख भएको जमानत रकम जम्मा गरी सो को सक्कल बैंक भौचर वा नेपाल राष्ट्र बैंकबाट स्वीकृत प्राप्त वाणिज्य बैंक वा वित्तीय संस्थाबाट यस कार्यालयको पक्षमा जारी भएको ७५(पचहत्तर) दिनको बिड बण्ड संलग्न गर्नु पर्ने छ ।

४. सिलवन्दी दरभाउपत्र फाराममा दरभाउपत्र पेश गर्ने फर्मले आफ्नो फर्मको नाम, ठेगाना सम्पर्क नं.तथा विषय, सप्लाई गर्ने सिंचाई उपकरणहरुको विस्तृत विवरण खुलेको क्याटलग, संगै राख्नु पर्ने छ ।

५. दरभाउपत्रदाताले दररेट भर्दा प्रति आइटको दर छुट्टै प्रति गोटाको दर अंक र अक्षर दुवैमा स्पष्ट रुपमा भर्नु पर्ने छ । अंक र अक्षरमा उल्लेख गरेको दररेटमा फरक परेमा अक्षरमा लेखिएको रकमलाई मान्यता दिइनेछ ।

६. सिलवन्दी दरभाउपत्र सम्बन्धी अन्य शर्तहरु दरभाउपत्र फाराममा उल्लेख गरे बमोजिम हुने छ ।

७. सिंचाई उपकरणहरु कार्यालय हाता सम्म सामान ढुवानी गर्न र जडान गर्न लाग्ने खर्च र सबै प्रकारका करहरु दरभाउपत्र पेश गर्नेदाताले नै ब्यहोर्नु पर्ने छ ।

८.सिलवन्दी दरभाउपत्र फाराम र यस सुचना लेखिएका कुराहरुको हकमा यसै अनुसार र यसमा उल्लेख नभएका ब्यहोराहरुको हकमा सार्वजनिक खरिद ऐन २०६३ (संसोधन समेत) र सार्वजनिक खरिद नियमावली २०६४ (संशोधन समेत) वा प्रचलित नेपाल कानून अनुसार हुने छ । विस्तृत जानकारीको लागि यस खजुरा गाउँपालिका गाउकार्यपालिकाको कार्यालयमा, कार्यालय समय भित्र सम्पर्क राख्न सकिनेछ ।

तपसिल

| सि.नं. | सुचना नं. | खरिद गर्नु पर्ने कामको विवरण | लागत अनुमान मु.अ. कर सहित | जमानत वापतको रकम | दरभाउपत्र फाराम दस्तुर | कैफियत |
|---|---|---|---|---|---|---|
| १. | २।०७७।०७८ | सिंचाई उपकरण | १८,००,०००।- | रु.४५०००।- | रु. १०००।- | |

Scanned with CamScanner